# सूचना

कोरोना भाइरस (कोभिड १९) को कारण नेपाल सरकारबाट मिति २०७८।०१।१५ देखि जारी भएको निषेधाज्ञाको कारण उद्योग विभागबाट प्रदान गरिने देहायका सेवा प्रवाहमा आवेदन गर्न नपाएका सेवाग्राहीहरुले मिति २०७८।०७।०१ बाट ३० दिन भित्र आवेदन गर्ने म्याद/समय उपलब्ध गराइएको व्यहोरा सबैको लागि जानकारी गराइन्छ।

१) औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ९(क) बमोजिम उद्योगको सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने म्याद सम्बन्धमा।

२) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ को नियम ९ को उपनियम ४ बमोजिम सञ्चालनमा रहेको विदेशी लगानी स्वीकृत भएको उद्योगले त्यस्तो स्वीकृत रकम भित्र्याइ नसकेको भएमा विदेशी लगानी सम्बन्धी कार्ययोजना स्वीकृति सम्बन्धमा।

३) पेटेन्ट, डिजाइन तथा ट्रेडमार्क ऐन, २०२२ बमोजिम पेटेन्ट, डिजाइन र ट्रेडमार्कको प्रमाणपत्र नवीकरण गर्ने सम्बन्धमा।

४) प्राइभेट फर्म रजिस्ट्रेसन नियमावली, २०३४ (तेह्रौँ संशोधन, २०७७) समेतका आधारमा नियम ७ र ९ बमोजिम प्राइभेट फर्म नवीकरण सम्बन्धमा।

५) निर्यातमा नगद अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि (संशोधन) २०७५ को दफा ४ को उपदफा २ बमोजिम निर्यात गरेको महिना समाप्त भएको साठी दिनभित्र विभाग समक्ष पेश गर्ने सम्बन्धमा।

२०७८।६।१९

उपसचिव (कानून)